सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, कञ्चनपुर**

फोन नं: ०९९-५२२१८३
इमेल: akckanchanpur@gmail.com
Website: www.kanchanpur.akc.gov.np

प.सं. ०८२/०८३
च. न.

**विषय: कृषि यान्त्रीकरण अनुदानका लागी आपूर्तिकर्ताबाट सिलवन्दी दररेट पेश गर्ने सम्वन्धी सूचना।**
**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/१२**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७६ प्रथम ससोधन २०७७ अनुसार कार्यलयबाट कृषि यान्त्रिकरण कार्यक्रम संचालन गर्न ५० प्रतिशत अनुदानमा तपशिल वमोजिमका कृषि औजार उपकरणहरु वितरण गर्नुपर्ने भएकाले के कति दरभाउमा आपूर्ति गराउन सकिने हो ? सो सम्वन्धी सिलबन्दी दररेट प्रस्ताव पेश गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्वन्धित कानूनको परिधि भित्र रही आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त कृषि औजार उपकरण उत्पादक/ आपूर्तिकर्ता/ फर्महरुले कार्यविधिको अनुसुची ३ अनुसारको फाराम भरी यो सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको १२.०० वजे भित्र र उक्त दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन यस कार्यालयमा सिलवन्दी दररेट प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।सूचना प्रकाशित भएको मितिले २५ औं दिन (मिति २०८०/०९/०७) मा Pre-Proposal Clarification Meeting हुनेछ, साथै उक्त वैठक संचालन नभएमा पनि यस सूचनालाई कुनै वाधा हुने छैन ।

**सामग्रीहरुको विवरण:**

| | | | | | |
|---|---|---|---|---|---|
| १. एम बि प्लो | २. रिपर (पावर टिलर जडित) | ३. सिड ड्रिल पावर टिलर जडित | ४. धान थ्रेसर( ट्र्याक्टर जडित) | ५. गहुँ थ्रेसर( ट्र्याक्टर जडित) | ६. मल्टिक्रप थ्रेसर( ट्र्याक्टर जडित) |
| ७. रोटाभेटर( ट्र्याक्टर जडित) | ८. डिस्क हैरो ( ट्र्याक्टर जडित) | ९ सिड कम फर्टिलाइजर ड्रिल ( ट्र्याक्टर जडित) मल्टिकक | १० पोटेटो प्लान्टर (आलु खन्ने मेसिन) | ११ पोटेटो हार्भेष्टर(आलु खन्ने मेसिन) | १२ इलेक्ट्रिक कर्न थ्रेसर |
| १३ न्यापस्याक पावर स्प्रेयर | १४ स्प्रेयर ट्र्याक्टर जडित | १५ रिजर | १६पिटडिगर/अर्थ अगर (खाडल खन्ने मेशिन) | १७ कम्वाइन राइस मिल | १८ पावर टिलर |
| १९ मिनि टिलर | २० कल्टिभेटर | २१ लेजर ल्याण्ड लेभलर | २२ ब्रस कटर | २३ पुस रो सिडर | २४ सुगरकेन लिफ ट्र्यास सेडर |
| २५ सुगरकेन स्टवल सेभर/ र्याटुन म्यानेजर | २६ रिपर ( ट्र्याक्टर जडित) | २७ उखुको रोटाभेटर | २८ उखुको ट्रेन्चर | २९ पम्पसेट | - |

**आवश्यक शर्त तथा कागजातहरु:**

१. दरभाउ पेश गर्दा रु. १० को टिकट टाँस गरी निवेदन साथ फर्म दर्ता प्रमाण-पत्र, संस्था नविकरण प्रमाण पत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र, पछिल्लो ३ आ.व.को लेखा परिक्षण प्रतिवेदन, आ.व. ०८१/०८२ को करचुक्ता प्रमाण-पत्र वा म्याद थप भएको पत्र, फर्मको व्यवसाय ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र, आधिकारीक डिलरको वा सर्भिस सेन्टरको संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित (नोटरी पव्लीकबाट) प्रतिलिपिहरु संलग्न राखी पेश गर्नु पर्नेछ ।
२. प्रस्ताव फारममा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रुपैयाँ प्रति ईकाइ मुल्य दर अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
३. आपुर्तिकर्ताले आपुर्ति गर्न खोजेको पावर टिलर र मिनिटिलरको प्रत्येक मोडेल र ब्राण्डहरुको आधिकारीक टेष्ट रिपोर्टको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. प्रस्ताव साथ औजार उपकरण उत्पादक कम्पनीको आधिकारीक विक्रेता तथा एजेन्ट (Authorized Agent)/डिलरसिप रहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ।
५. कृषि औजार उपकरणहरुको Specification, व्रान्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue, Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
६. स्विकृत कृषि औजार उपकरणको परिमाण कृषि ज्ञान केन्द्र सम्म पुरयाउने जिम्मेवारी आपुर्तिकर्ताको हुनेछ ।
७. पेश भएका प्रस्तावहरु यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको दिउसो २.०० वजे यस कार्यालयमा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर प्रस्तावदाता प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै वाधा पर्ने छैन ।
८. यो सूचना वमोजिम उपलब्ध गराउने उपकरणहरुको कुल मुल्यको २.५% हुन आउने रकमको क वर्गको वाणिज्य वैंक वाट जारी भई २०८३ श्रावण मसान्त सम्म म्याद भएको वैंक ग्यारेन्टी वा सो वरावरको रकम नगद धरौटी प्रदेश लेखा इकाई कार्यालय, कञ्चनपुरको धरौटी खाता ४१८०१००२०२०३०००० कृषि ज्ञान केन्द्र कञ्चनपुरको कार्यालय कोड ३१२०१७६०५७ मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ ।

हरि प्रसाद प्रनेरु
कार्यालय प्रमुख

Scanned with CamScanner

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कञ्चनपुर
फोन नः ०९९-५२२१८३
इमेल:akckanchanpur@gmail.com
Website:www.kanchanpur.akc.gov.np

प.सं. ०८२/०८३

च.न.

९. सूचना प्रकाशित भई सके पछि यदि कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ प्रथम संसोधन २०७७ संसोधन तथा परिमार्जन भएमा संसोधित कार्यविधि बमोजिम कार्यक्रम सचालन गरिनेछ ।

१०. प्रचलित कानुन र शर्त अनुसार प्रस्ताव आंशिक वा पुर्ण रुपमा स्विकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

११. प्रस्ताव बुझाउन आउने वा प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिलाई आपूर्तिकर्ताले अख्तियारिनामा दिएको हुनु पर्नेछ

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. आवश्यक अनुसुची, Specification यस कार्यालयकोको वेवसाइट www.kanchanpur.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

हरि प्रसाद पनेरु
कार्यालय प्रमुख

Scanned with CamScanner